सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५ को उपदफा (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ को प्रयोजनका लागि सार्वजनिक गरिएको सूचना

## नेपाल सरकार
## रोङ गाउँपालिका, पहरिगाउँ, इलाम

<u>अवधि (२०७९/०४/०१ गते देखि मिति २०७९/०९/३० गते सम्म)</u>

१. रोङ गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको संगठन संरचनाः




रोशन भट्टराई
सूचना अधिकारी

## २. स्थानीय तहको काम, कर्तब्य र अधिकारः

क. न्याय सम्पादनको भूमिका

ख. नगर प्रहरी, गाउँ प्रहरी

ग. सहकारी संस्था

घ. एफ. एम.रेडियो संचालन

ङ. राजस्व संकलन

च. स्थानीय सेवाको व्यवस्थापन

छ. स्थानीय तथ्यांक र अभिलेख संकल

ज. स्थानीय स्तरका विकास आयोजना तथा परियोजना

झ. आधारभूत तथा माध्यमिक शिक्षा

ञ. आधारभूत स्वास्थ्य र सरसफाई

ट. स्थानीय बजार व्यस्थापन बाताबरण संरक्षण र जैविक विविधता

ठ. सडक, कृषि, सिँचाई

ड. घर जग्गा धनी पुर्जा वितरण

ढ. कृषि तथा पशुपालन

ण. जेष्ठ नागरीक, अपांगता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन

त. बेरोजगारको तथ्यांक संकलन

थ. खानेपानी तथा साना जलविद्युत् आयोजना, वैकल्पिक उर्जा

द. विपद् व्यवस्थापन

ध. जलाधार तथा वन्यजन्तु र खानी तथा खनीज पदार्थको संरक्षण

न. भाषा संस्कृति र ललितकलाको संरक्षण

रोशन भट्टराई
सूचना अधिकारी

३. रोङ गाउँपालिका, इलाममा रहने शाखा र कर्मचारीको विवरण

| | |
|---|---|
| प्रमुख प्रशासीय अधिकृत | |
| १ | दिपेन्द्र दहाल |
| लेखा शाखा | |
| २ | इन्द्र प्रसाद पोखेल |
| ३ | सविना निरौला |
| प्रशासन/ जिन्सी | |
| ४ | नेत्र प्रसाद पोखेल |
| योजना शाखा | |
| ५ | सपना श्रेष्ठ |
| सूचना तथा प्रविधि | |
| ६ | रोशन भट्टराई |
| ७ | नारयण अर्याल |
| प्रधानमन्त्री रोजगार कार्यक्रम | |
| ८ | सुरभी गुरुङ्ग |
| ९ | खगेन्द्र राई |
| १० | सम्झना आले |
| स्वास्थ्य शाखा | |
| ११ | युवराज काफ्ले |
| शिक्षा शाखा | |
| १२ | श्रुति कुमारी तामाङ |
| १३ | सुजता पौडयाल |
| प्रविधिक शाखा | |
| १४ | विजयकुमार राई |
| १५ | शोभाकान्त राउत |
| १६ | प्रज्वल दाहाल |
| १७ | गुमानसिह सुस्वा |
| १८ | रोजिना एल.जी. |
| १७ | कमल ब. पुलामी |
| पशु सेवा शाखा | |
| १८ | मिङमा रिन्जी शेर्पा |
| १९ | बद्री गोपाल आचार्य |
| २० | राकेश कुमार राउत |
| कृषि शाखा | |

रोशन भट्टराई
सूचना अधिकारी

| | |
|---|---|
| २१ | सन्तोष लाप्चा |
| २२ | प्रदिप लुइटेल |
| **महिला तथा बालबालिका शाखा** | |
| २३ | रेणुका राई |
| **गरिबी न्युनीकरणका लागि लघु उद्यम विकास कार्यक्रम** | |
| २४ | दिलिमा राई |
| २५ | अनिता थारु |
| **सामाजिक शुरक्षा तथा ब्यक्तिगत घटना दर्ता सेवा इकाई** | |
| २६ | विपना चेम्जोङ |
| २७ | गोपाल भुजेल |
| २८ | विनिता न्यौपाने |
| **पर्यटन सूचना केन्द्र जोरकलश** | |
| २९ | गगन घिमिरे |
| **कार्यालय सहयोगी** | |
| ३० | ख्याम कुमारी भुजेल |
| ३१ | रोमनाथ अर्याल |
| ३२ | युद्ध बहादुर प्रधान |
| ३३ | रोजिला कार्की |

## ४. रोङ गाउँपालिकाको कार्यालयबाट प्रदान गर्ने सेवा वा कामको विवरणः

स्थानिय सरकार संचालन ऐनमा तोकिएबमोजिमका कार्यहरु

## ५.सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | कर, दस्तुरको क्षेत्र | करको दर (प्रति रोपनी) रु.□ | कैफियत | |
| (ख) | मालपोत | १ | अब्बल | २५ | | |
| | | २ | दोयम | २० | | |
| | | ३ | सीम | १५ | | |
| | | ४ | चाहार | १५ | | |

रोशन भट्टराई

सूचना अधिकारी

| | | सिफारिस को किमिस | सिफारिस दस्तुर | कैफियत |
|---|---|---|---|---|
| नागरिकता सिफारिस | १ | बंशज नागरिकता सिफारिस | १६० | |
| | २ | अंगीकृत नागरिकता सिफारिस | ५१० | |
| | ३ | वैवाहिक अंगीकृत नागरिकता सिफारिस | ५१० | |
| | ४ | नागरिकता प्रतिलिपी सिफारिस | २६० | |
| | | | | |
| व्यक्तिगत घटना दर्ता | १ | विवाह दर्ता | २०० | जरिवाना वापत रु.५० ,सेवा शुल्कवापत रु.१५० |
| | २ | जन्म दर्ता | १५० | |
| | ३ | मृत्यु दर्ता | १०० | ३५ दिनसम्म निशुल्क |
| | ४ | बसाईसराई दर्ता | आउने– २०० जाने– १५० | नियमानुसार दर्ता शुल्क र बाँकी सेवा शुल्क |
| | ५ | सम्बन्ध विच्छेद दर्ता | २०० | नियमानुसार दर्ताशुल्क र बांकी सेवाशुल्क |
| | ६ | व्यक्तिगत घटनादर्ता प्रमाणपत्रको प्रतिलिपी | २०० | |
| | ७ | व्यक्तिगत घटनादर्ता प्रमाण पत्र संशोधन | ३०० | |

| | | | कर, दस्तुरको क्षेत्र | तोकिएको सिमा |
|---|---|---|---|---|
| (ग) | सम्पत्ति कर | १ | (घर र घरले चर्चेको स्थानीय सरकार संचालन ऐन, २०७४ (संशोधन सहित) ले तोके बमोजिमको जग्गामा मात्र सम्पत्ति कर लाग्नेछ) | – पाँचलाख रुपैयासम्मको मूल्याङ्कनमा प्रतिलाख रु.१० का दरले अधिकतम रु.५० (पचास) मात्र |
| | | | | – पचास लाख रुपैयासम्म प्रतिलाख रु.१० (दश) |
| | | | | – एकाउन्न लाख देखि एक करोड रुपैयासम्म प्रतिलाख रु.२० (बीस) |
| | | | | – एक करोड एक लाख देखि दुई करोड रुपैयासम्म प्रतिलाख रु.२५ (पच्चीस) |
| | | | | – दुई करोड एक लाख रुपैयादेखि तीन करोड रुपैयासम्म प्रतिलाख रु.३० (तीस) |
| | | | | – तीन करोड एक लाख रुपैयादेखि पाँच करोड रुपैयासम्म प्रतिलाख रु.४५ (पैतालीस) |
| | | | | – पाँच करोड भन्दा माथि प्रति लाख रु.५० (पचास) |

| | | | प्रकार | प्रति वर्गफूट (पक्की घरको मात्र) | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | दर्ता शुल्क | कालोपत्रे सडक | कच्ची मूल सडक | कच्ची शाखा सडक | |
| (घ) | **नक्शा पास दस्तुर** | १ | निजी प्रयोजन | | 7 | 6 | 5 | |
| | | २ | व्यवसायीक प्रयोजन | | 15 | 10 | 7 | |

| | | | | |
|---|---|---|---|---|
| (घ) | **विज्ञापन कर** | १ | होडिङ्ग बोड प्रति वर्ग फूट रु.६५।– | |
| | | २ | भित्ते लेखन प्रति वर्ग फूट रु.३०।– | |
| | | ३ | पोष्टर प्रति वर्ग फूट रु.१०।– | |

रोशन भट्टराई
सूचना अधिकारी

| | | सिफारिस को किमिस | सिफारिस दस्तुर | कैफियत |
|---|---|---|---|---|
| नागरिकता सिफारिस | १ | बंशज नागरिकता सिफारिस | १६० | |
| | २ | अंगीकृत नागरिकता सिफारिस | ५१० | |
| | ३ | वैवाहिक अंगीकृत नागरिकता सिफारिस | ५१० | |
| | ४ | नागरिकता प्रतिलिपी सिफारिस | २६० | |
| | | | | |
| व्यक्तिगत घटना दर्ता | १ | विवाह दर्ता | २०० | जरिवाना वापत रु.५० ,सेवा शुल्कवापत रु.१५० |
| | २ | जन्म दर्ता | १५० | |
| | ३ | मृत्यु दर्ता | १०० | ३५ दिनसम्म निशुल्क |
| | ४ | बसाईसराई दर्ता | आउने– २०० जाने– १५० | नियमानुसार दर्ता शुल्क र बाँकी सेवा शुल्क |
| | ५ | सम्बन्ध विच्छेद दर्ता | २०० | नियमानुसार दर्ताशुल्क र बांकी सेवाशुल्क |
| | ६ | व्यक्तिगत घटनादर्ता प्रमाणपत्रको प्रतिलिपी | २०० | |
| | ७ | व्यक्तिगत घटनादर्ता प्रमाण पत्र संशोधन | ३०० | |
| | | | | |
| अन्य सिफारिस दस्तुर | १ | स्थलगत सर्जमिन मुचुल्का | १५०० | रु.५०० राजश्व दाखिला गरी बांकी रु.१०००।– फिल्डमा काम गर्ने सम्बन्धित कर्मचारीलाई भुक्तनि हुने गरी |
| | २ | नाता प्रमाणित (वैदेशिक प्रयोजन) | २५०० | |
| | ३ | नाता प्रमाणित (अन्य प्रयोजन) | ५०० | |
| | ४ | नाता प्रमाणित (अंशवण्डा र नामसारी प्रयोजन) | २५० | वैदेशिक रोजगारीको सिलसिलामा मृत्यु भई लास ल्याउनुपर्ने अवस्थामा गर्नुपर्ने नाता प्रमाणित नि:शुल्क गर्ने |
| | ५ | जन्ममिति प्रमाणित (वैदेशिक प्रयोजन) | १०००।– | |
| | ६ | जन्ममिति प्रमाणित | ५००।– | |
| अन्य सिफारिस दस्तुर | ७ | २०३७ साल अगाडीको विवाह वा अविवाहित प्रमाणित दस्तुर | ३०० | |
| | ८ | २०३७ साल पछाडीको विवाह वा अविवाहित प्रमाणित दस्तुर | ३०० | |
| | ९ | विवाहित वा अविवाहिता प्रमाणित (वैदेशिक प्रयोजन) | १००० | |
| | १० | अग्रेजी सिफारिस दस्तुर | १००० | |
| | ११ | घरबाटो प्रमाणित | ५०० | |
| | १२ | रुख कटानको सिफारिस | १०० | |
| अन्य सिफारिस दस्तुर | १३ | विद्युत मिटरको सिफारिस | ५०० (संस्थागत र व्यवसायिक प्रयोजन) / २५० (व्यक्तिगत प्रयोजन) | |
| | १४ | मिटर परिवर्तन गर्दा | १०० | |
| | १५ | चार किल्ला प्रमाणित | ५०० | |
| | १६ | भू.पू.लाहुरेको सिफारिस | १००० | |
| | १७ | घरजग्गा नामसारी सिफारिस | ३०० | |
| | १८ | जग्गाधनी प्रमाणपूर्जा हराएको सिफारिस | ३०० | |
| | १९ | कित्ताकाट गर्ने सिफारिस | ३०० | |

रोशन भट्टराई

सूचना अधिकारी

| | | | | |
|---|---|---|---|---|
| अन्य सिफारिस दस्तुर | २० | नरबढी तथा छुट जग्गा दर्ता सिफारिस | २५०० | |
| | २१ | उपभोक्ता समितिको खाता खोल्दाको प्रमाणित सिफारिस दस्तुर | निःशुल्क | |
| | २२ | संघ संस्था, उपभोक्ता समितिको खाताबन्द सिफारिस दस्तुर | ३०० | |
| | २३ | व्यापार व्यवसाय बन्द भएको, संचालन नभएको वा व्यापार व्यवसाय हुँदै नभएको सिफारिस | ३०० | |
| | २४ | समूह दर्ता इजाजत दस्तुर | ५०० | |
| | २५ | नविकरण दस्तुर | ५०० | आ.व.समाप्त भएपछि दुई बर्षसम्म प्रत्येक आ.व.को थप शुल्क १००% |
| | २६ | अन्य सिफारिस दस्तुर | ३०० | |

| | | सम्पत्ति मूल्याङ्कन | वैदेशिक प्रयोजन | धितो/अन्य प्रयोजन | कैफियत |
|---|---|---|---|---|---|
| सम्पत्ति मूल्याङ्कन | १ | ५ लाखसम्म | ५०० | २५० | |
| | २ | ५ देखि १० लाखसम्म | १००० | ५०० | |
| | ३ | १० देखि १५ लाखसम्म | १५०० | ७५० | |
| | ४ | १५ देखि २० लाखसम्म | २००० | १००० | |
| | ५ | २० देखि १ करोडसम्म | ३००० | १२५० | |
| | ६ | १ करोडभन्दा माथि | ५००० | १५०० | |

| | | "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्रको दर्ता,नविकरण तथा अन्य | दस्तुर | |
|---|---|---|---|---|
| "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्रको दर्ता,नविकरण तथा अन्य | १ | इजाजत पत्र दस्तुर | ५००० | |
| | २ | इजाजत पत्र चालु आ.व.को असोज मसान्तसम्म | ५००० | |
| | ३ | चैत्र मसान्तसम्म नविकरण वापत थप दस्तुर | २००० | |
| | ४ | नामसारी दस्तुर | २५०० | |
| | ५ | इजाजत पत्रको नाम परिवर्तन दस्तुर | १५०० | |
| | ६ | ठाउँसारी सिफारिस दस्तुर | २५०० | |

## ६. सम्पादन गरेको कामको विवरण(२०७९ श्रावण देखि पुष मसान्तसम्मको)

## (क) आर्थिक क्षेत्र

### कृषि:-

- रोङ गाउँपालिका अन्तर्गतका सम्पूर्ण अगुवा कृषक तथा व्यावसायिक कृषकहरुको खेती प्रविधिमा सुधार तथा उत्पादन वृद्धिमा थप टेवा पुर्याउने उद्देश्यका साथ **उन्नत विउविजन विरतण तथा औषधी बितरण** गरिदै आएको छ। आ.व. २०७९/०८० को नीति तथा कार्यक्रम अनुसार ५० % अनुदानमा मकै, धान, आलु र टमाटरको विउ वितरण कार्यक्रम, सुन्तला खेति गर्ने कृषकहरुलाई फेरोमोन ट्याग वितरण, ७५% अनुदानमा बर्षे तरकारीको विउ वितरण कार्यक्रम, एक घर एक करेसाबारी निर्माण तथा तरकारी मिनिकिट वितरण कार्यक्रम, मौसम अनुसारको बिउ वितरण कार्यक्रम सम्पन्न गरिसकिएको छ । साथै यस गाउँपालिकाको विभिन्न कृषक समूह गठन तथा परिचालन कार्यक्रम पनि सञ्चालन गरिएको छ।
- यस गाउँपालिकालाई हनि जोनको रुपमा विकास गर्ने उद्देश्यका साथ मौरि प्रवर्द्धन कार्यक्रम सञ्चालनको चरणमा रहेको छ। साथै कन्य च्याउ खेति प्रवर्द्धन, पकेट विकास कार्यक्रम, किसान सूचीकरण कार्यक्रम, फूल

रोशन भट्टराई
सूचना अधिकारी

नर्सरी प्रवर्द्धन कार्यक्रम, गड्यौले मल प्रवर्द्धन कार्यक्रम, फलफुल विरुवा वितरण कार्यक्रम, माटो परिक्षण ल्याव व्यवस्थापन तथा क्यामिकल खरिद कार्यक्रम कार्यन्वयनको चरणमा रहेको छ।

- यस गाउँपालिका भित्र उत्पादन हुने सिन्की, गुन्द्रुक लाई बजारीकरण गर्ने कार्यक्रम अन्तर्गत यस गाउँपालिकाको विभिन्न वडामा संकलन, प्याकेजिङ तथा बजारीकरणको कार्यक्रम सञ्चालन भईरहेको छ।

**पशु**

- रोङवासी कृषकहरुलाई पशु स्वास्थ्य व्यवस्थापनका लागी औषधि खरीद गरी वितरण गरिएको छ। यसबाट १३५ जना कृषकहरु प्रत्यक्ष लाभान्वित भई २८२३ पशुहरुको स्वास्थ्यमा सुधार भएको अपेक्षा गरिएको छ।
- पशुपालक कृषकहरुको आय आर्जनमा सुधार गर्न नश्ल सुधार तथा कृत्रिम गर्भाधानको लागि तरल नाईट्रोजन, सिमेन खरिद, ढुवानी र व्यवस्थापन कार्यक्रम अन्तर्गत १०८३ वटा गाई, ८ वटा भैसि, १ वटा बाख्रा र ६३ वटा बंगुर लाई यस आ.व. २०७९/०८० को हाल सम्म कृत्रिम गर्भधानको सेवा पुऱ्याइएको छ।
- साना व्यवसायी बाख्रा पकेट प्याकेज कार्यक्रम अन्तर्गत यस रोङ गाउँपालिकाको वडा नं. १,३,४ र ५ मा दर्तावाला बाख्राफार्मको समूह गठन गर्ने कार्य सम्पन्न भई प्रस्ताव आव्हान गरी कार्यक्रम सञ्चालनको चरणमा रहेको छ।
- लागत साझेदारीमा सेक्सड् सिमेन (Sexed semen) खरिद वितरण कार्यक्रम अन्तर्गत प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना काउजोन कार्यालय, इलाम संग ५० % लागत साझेदारीमा कार्यक्रम सम्झौता गरी बोलपत्र आव्हान गरि सकिएको छ।
- ७५% अनुदानमा काउम्याट खरिद तथा वितरण कार्यक्रम र ५० % अनुदानमा मल्टिच्यापकट्टर खरिद तथा वितरण कार्यक्रम कार्यान्वयनको चरणमा रहेको छ।
- आ.व. २०७९/०८० को नीति तथा कार्यक्रम अनुसार यस गाउँपालिका भित्र रहेको पशुपंक्षीहरुलाई विभिन्न रोग विरुद्दको खोप लगाउने कार्यक्रम अन्तर्गत भ्याक्सिन खरिद गरि भण्डारण गरि सकेको छ र खोप लगाउने कार्य कार्यन्वयनको चरणमा रहेको छ।

**पर्यटन**

- यस गाउँपालिका भित्र रहेको धार्मिक र पर्यटन स्थलहरु पाथिभरा मन्दिर, हाँस पोखरी, झण्डिडाँडा, गुगल पोइन्ट, करसोङ पदमार्गहरुको विकास साथै प्रचार प्रसार गरी आन्तरिक र बाह्य पर्यटन भित्र्याउन विभिन्न कार्यक्रमहरु सञ्चालन भईरहेको छ।

**(ख) सामाजिक क्षेत्र**

**शिक्षा:-**

रोशन भट्टराई
सूचना अधिकारी

- यस विशेष अनुदान अन्तर्गत प्राप्त भएको सामुदायिक विद्यालयहरुमा ICT कार्यक्रमको बजेट रु. ८० लाख बाट बोल पत्र आव्हान गरी कार्यन्वयनको चरणमा रहेको छ।
- त्यस्तै गरी राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत ४ कोठे भवन ३ वटा निर्माणाधिन र २ कोठे भवन २ वटा निर्माण सम्पन्न भइ सकेको छ।
- यस गाउँपालिका वडा नं. ३ मा रहेको श्री शान्ति निकेतन मा.वि. नमुना विद्यालयको रुपमा विकास गर्ने उद्देश्यका साथ भौतिक पूर्वाधार तेस्रो वर्षको निर्माणाधिन चरणमा रहेको छ।
- विद्यालयमा भर्ना भएका कक्षा १ देखि ६ सम्मका सबै विद्यार्थीहरुलाई दिवा खाजा वापतको रकम तोकिएको मापदण्ड अनुसार पहिलो किस्ता संबन्धित विद्यालयको खातामा निकासा गरिएको छ।
- यस गाउँपालिका अन्तर्गतको सामुदायिक विद्यालयहरुको सामाजिक परिक्षण र लेखा परिक्षण सम्पन्न भइ प्रतिवेदन आउने क्रममा रहेको छ।
- विद्यालयको भौतिक निर्माण, विद्यालयको प्रशासनको निरिक्षणको लागी समय समयमा अनुगमन गर्ने कार्यलाई प्राथमिकताका साथ लागु गरिएको छ।
- सशर्त अनुदान अन्तर्गत **माध्यमिक तह कक्षा (९-१०) र आधारभूत तह कक्षा(६-८) मा अंग्रेजी, गणित, र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान कार्यविधि** अनुरुप वितरण गरिएको छ। यसबाट ६ वटा माध्यमिक र २ वटा आधारभूत तहमा अंग्रेजी, गणित र विज्ञान विषयको शिक्षक दरबन्दि अभाव लाई परिपुर्ति भई विद्यार्थीको सिकाईको स्तर सुध्रिने अपेक्षा गरिएको छ।
- यस गाउँपालिका भित्र रहेको श्री शारदा आ.वि., चिण्डेपानिमा नेपालकै लोपउन्मुख जातिको रुपमा रहेको लेप्चा जातिको भाषा उत्थान गर्ने उद्देश्यका साथ लेप्चा भाषा पठन पाठनको लागी पाठ्यक्रम, पाठ्यपुस्तक र पाठ्य सामग्री व्यवस्थापन गरी कक्षा १ र २ पठनपाठन भइरहेको छ।
- सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षक, बाल शिक्षक, विद्यालय सहायक कर्मचारी, कार्यालय सहयोगीहरुको नेपाल सरकारबाट प्राप्त तलब भत्ता मा गाउँपालिकाबाट थप गरी त्रैमासिक रुपमा पारिश्रमिक उपलब्ध गराइदै आएको छ।

**स्वास्थ्यः-**

- यस गाउँपालिका अन्तर्गत सञ्चालित स्वास्थ्य चौकीहरु, आधारभुत स्वास्थ्य सेवा केन्द्र, सामुदायिक स्वास्थ्य केन्द्रहरु तथा आयुर्वेद औषधालय गरी जम्मा १० वटा स्वास्थ्य संस्थाहरुबाट निरन्तररुपमा गुणस्तरिय स्वास्थ्य सेवा प्रवाह भइरहेको तथा जनशक्ति, उपलब्ध औषधि तथा औजार उपकरणको पूर्णरुपमा सञ्चालन तथा व्यवस्थापन गरिएको छ।
- स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि तालिमहरु प्रदान गरि दक्षतामा सुधार गर्दै लगिएको तथा महामारी जन्य रोग कोभिड -१९ संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारको निम्ति कोभिड बिरुद्दको बुस्टर खोप अभियान पटक पटक संचालन गरी करिव ८९ % नागरिकहरुलाई खोप लगाई सकिएको र छुट भएका नागरिकहरुलाई निरन्तर अभियान संचालन गरिने छ।

रोशन भट्टराई
सूचना अधिकारी

- नेपालको संविधानले आधारभूत स्वास्थ्य सेवालाई मौलिकहकको रुपमा स्थापित गरेको हुँदा सो अनुरुप आधारभुत सेवा प्रत्याभूतिका लागि स्वास्थ्य संस्थाहरुमा आवश्यक पर्ने औषधि, साधन तथा सामाग्रीहरुको आपूर्ति व्यवस्थापन सूचना प्रणाली तथा स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली सफ्टवेयर सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा व्यवस्थित सूचना प्रणाली लागु गरी प्रगति प्रतिवेदन संकलन तथा कागजी प्रतिवेदन हटाउदै लगिएको छ।
- स्वास्थ्य संस्थाहरु, खोप केन्द्रहरु तथा गाउँघर क्लिनिकहरुमा अति आवश्यक औजार, उपकरणहरु, फर्निचरहरुको व्यवस्थापन गरिएको छ। नवनिर्मित आधारभूत स्वास्थ्य सेवा केन्द्र तथा गाउँघर क्लिनिकबाट थप स्वास्थ्य सेवा सुचारू गरिएको छ।
- स्वास्थ्य सम्बन्धी बिभिन्न स्वास्थ्य शिवीरहरु, दिवस तथा जनचेतनामुलक कार्यक्रमहरु संचालन भएको छ तथा उत्कृष्ट महिला स्वास्थ्य स्वयमसेविका समेत छनौट गरी सम्मान सहित पुरस्कृत गरिएको छ।
- समुदायमा किटजन्य रोगहरु मलेरिया, डेङ्गु, कालाजार, स्क्रब, टाइफस, एच.आई.भि. एड्स लगायतका रोगहरु फैलन नदिन मानिसहरुको आवतजावत बढीहुने क्षेत्रहरु तथा सिमाना जोडिएका क्षेत्रहरुमा टेस्ट किटको प्रयोग गरि परिक्षण, औषधि छिट्ने तथा सरसफाई कार्यक्रम भईरहेको छ।
- स्वास्थ्य सेवाको पहुँच कम भएका समुदाय तथा जोखिम समूहमा सकृय क्षयरोग खोजपडताल तथा माइस्क्रोसकोपिक क्याम्प संचालन गरिएको छ ।
- स्वास्थ्यका महत्वपुर्ण सूचकहरु नियमित खोप, पोषण, सुरक्षित मातृत्व, परिवार नियोजन लगायतका सम्पूर्ण सूचकहरुलाई प्राथमिकतामा राखी सहश्राब्दी विकास लक्ष्य हाँसिल गर्ने विभिन्न प्रकारका कार्यक्रमहरु, तालिम, गोष्ठी, सेमिनार, अन्तर्क्रिया, सूचना संकलन, सरोकारवालाहरु सँगको बैठक तथा छलफल भइरहेको छ।

**महिला विकास तर्फः**

- यस गाउँपालिका भित्र बसोवास गर्नुहुने महिला, एकल महिला, अपाङ्गहरुको विकास तथा आयआर्जनमा टेवा पुर्याउने उद्देश्यले महिला उद्योग प्रवर्द्धन कार्यक्रम, महिला अपाङ्ग एकल महिलालाई आयमुलक सीप तालिम तथा सहयोग कार्यक्रम सञ्चालनको चरणमा रहेको छ।
- यस गाउँपालिका भित्रका ६ वटै वडाहरुमा कानूनी सचेतना कार्यक्रम गरी १६ दिने लैङ्गिक हिंसा विरुद्धको अभियान संचालन गरिएको छ।
- ६ वटै वडाका ५५ जना बरिष्ठ ज्येष्ठ नागरिक लाई विभिन्न कार्यक्रम गरी सम्मान गरिएको छ।
- अन्तर्राष्ट्रिय अपाङ्गता दिवस विभिन्न कार्यक्रम गरी सम्पन्न गरिएको छ। साथै अपाङ्ग कोष सहकारी स्थापना, परिचय पत्र वितरण कार्यक्रम सञ्चालनको चरणमा रहेको छ।
- सहायक सामग्री वितरण कार्यक्रम अन्तर्गत सामाग्री खरिद सम्पन्न भई वितरण भइरहेको छ।
- 

रोशन भट्टराई
सूचना अधिकारी

## (ग) पूर्वाधार क्षेत्र

### सडक तथा पुल

- चालु आ.ब. मा ९४ वटा गाउँपालिका स्तरीय योजना रहेको मध्ये ११ वटा योजना सम्पन्न भइसकेको, ३२ वटा सम्झौता भई कार्यन्वयनको चरणमा रहेको छ।
- चालु आ.ब. मा ९२ वटा वडा स्तरीय योजना रहेको मध्ये १३ वटा योजना सम्पन्न भइसकेको, ४३ वटा सम्झौता भई कार्यन्वयनको चरणमा रहेको छ।
- ६ वटा ठेक्का मार्फत योजना सञ्चालन भइरहेको छ। जसमध्ये १ वटा संघीय समपुरक, २ वटा प्रदेश समपुरक र ३ वटा गाउँपालिका स्तरीय योजनाहरु रहेको छ।
- यस गाउँपालिकाको प्रमुख प्रशासकीय भवनको कार्य ५३% कार्य सम्पन्न भइसकेको छ। बाँकी निर्माणको कार्य सञ्चालन भइरहको छ।

### सिंचाई

- गाउँपालिकाको सुक्खाग्रस्त क्षेत्रमा सिँचाई पुर्‍याउने उद्देश्यले साना सिंचाई मार्फत स्वीकृत योजनाहरु ७ वटा रहेकोमा ६ वटा योजना सम्झौता भइ सकेको र १ वटा अघिल्लो आ.व. को क्रमागत योजना सञ्चालन भइरहेको छ।

## (घ) संस्थागत विकास सेवा प्रवाह र सुशासन

- गाउँपालिकाका कर्मचारीहरुको सीप, दक्षता, क्षमता तथा अनुभवमा विकास गर्दै प्रभावकारी कार्यसम्पादन गराउन आवश्यक केही तालिम, गोष्ठीको अवसर प्रदान गरिएको छ।
- स्थानीय सरकारका रुपमा स्थापित गाउँपालिकाको कार्यबोझ र सेवाप्रवाहको विशिष्टता र विविधिकरणलाई मध्यनजर गरी कर्मचारीलाई आफ्नो कार्यप्रति पुर्ण परिचालन गरी सेवाप्रवाहलाई चुस्त र मितव्ययी बनाउन साथै राजश्व संकलनमा पारदर्शी र चुस्तदुरुस्त वनाउन राजश्व सफ्टवेयर, प्रशासनिक कार्यको लागी प्रशासन सफ्टवेयर जडान गरी सञ्चालनमा ल्याइएको छ।
- गाउँपालिकाको शाखागत सुरक्षा, निगरानीको लागी प्रत्येक शाखामा सि.सि.टि.भी. जडान गरिएको छ।
- गाउँपालिका स्थापना भएपछि आ.ब. २०७४।०७५ देखि गत आ.ब. सम्मको नीतिगत तथा असुल उपर गर्नु पर्ने गरी कायम भएको बेरुजु मध्ये यस आ.ब. को म.ले.प. को डोर खटी आउँदा बेरुजु सम्परिक्षण गरी बेरुजुको लगत घटाउन र गत आ.व. २०७८/०८९ मा लेखा परिक्षकहरुले औंल्याएको असुल उपर गर्नुपर्ने बेरुजु र नीतिगत बेरुजुहरु महालेखा परिक्षकको कार्यालयले विकास गरेको NAMS सफ्टवेयरबाट समपरिक्षणको लागी पेश गरिएको छ।

रोशन भट्टराई
सूचना अधिकारी

- गाउँपालिकाको प्रशासनीक कार्यलाई चुस्त दुरुस्त र पारदर्शी बनाउन ई-हाजिर जडान गरि दैनिक हाजिर गर्न थालिएको छ साथै यस गाउँपालिका कार्यालयको सवारी साधनमा जि.पि.एस. प्रणाली जडान गरी अनलाईन प्रणाली बाट निरिक्षण गर्न थालिएको छ ।

**(ङ) अन्य**

- यस आ.ब. को हाल सम्म न्यायिक समितिमा परेका १२ वटा उजुरी मध्ये ४ को मिलापत्र भएको छ, ११ ओटा उजुरी मेलमिलाप केन्द्रमा सिफारिस भएको छ । त्यसै गरी ८ वटा उजुरी मेलमिलापको प्रकृयामा रहेको छ ।
- गाउँपालिकाको आर्थिक अवस्था कमजोर भएका क्यान्सर, मृगौला पीडित, मुटु रोगी जस्ता ९७ जना दीर्घरोगीहरुलाई रु २ लाख ४० हजार आर्थिक सहयोग उपलब्ध गराइएको छ ।
- सामाजिक सुरक्षा कार्यक्रम तर्फ यस गाउँपालिका स्थित सम्पुर्ण लाभग्राहीहरुलाई बैंकिङ सेवा मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्न मेघा बैंक लिमिटेड र सप्तकोशी बैंक लिमिटेड सँगको सहकार्यमा सामाजिक सुरक्षा भत्ता वितरण भइरहेको छ । जस मध्ये पहिलो चौमासिकमा जम्मा २७६४ जना र दोस्रो त्रैमासिकमा जम्मा २७८८ जना लाभग्राहीहरुला लाई गरी जम्मा ६ करोड ३० लाख रकम निकासा गरिएको छ ।
- आ.ब. २०७९।०८० मा **प्रधानमन्त्री रोजगार कार्यक्रम** अन्तर्गत प्राप्त कूल रु. ५१,९९,०००/– बजेटले ८९ जना बेरोजगार ब्यक्तिहरुलाई दैनिक रु. ५७७ को दरले १०० दिन बराबरको रोजगारी प्रदान गर्नको लागि आयोजनाहरु सञ्चालनको चरणमा रहेको छ। हाल सम्म ९ वटा आयोजनाहरु सम्झौता भई कार्यान्वयनको चरणमा रहेको छ । यस कार्यक्रमबाट गाउँपालिकाको श्रोत अभावको कारण मर्मत गर्न नसकिएको स्थानीय सडक, गोरेटो, घोडेटोहरु मर्मत सम्भार हुनुको साथै पूर्वाधार विकास निर्माण तथा मर्मत संभारमा महिला दिदी बहिनीहरु पनि प्रत्यक्षरुपमा संलग्न भई आर्थिक उपार्जन साथै गरिब तथा जोखिममा रहेको विपन्न समुदाय र सिमान्तकृत वर्गलाई प्रत्यक्ष लाभ पुग्नुको साथै स्थानीय समुदायमा सामाजिक र आर्थिक उन्नतिमा प्रत्यक्ष सहयोग पुग्ने विश्वास गाउँपालिकाले लिइएको छ ।

**चालु आ.ब. २०७९/०८० को हाल सम्मको बित्तीय प्रगति प्रतिवेदन**

- आ.ब. २०७९/०८० मा २ करोड ३० लाख आन्तरिक राजश्व उठ्ने अनुमान गरिएकोमा पौष मसान्त सम्ममा रु. ६१ लाख ३० हजार आन्तरिक राजश्व संकलन गर्न सफल भइएको छ जुन अनुमानको २६.५२ % मात्र रहेको छ ।

रोशन भट्टराई
सूचना अधिकारी

- राजश्व बाँडफाँड अन्तर्गत नेपाल सरकारबाट रु. ७ करोड ९५ लाख ८८ हजार प्राप्त हुनु पर्नेमा आ.ब. २०७९/०८० को हाल सम्म २ करोड ९६ लाख ६७ हजार मात्र प्राप्त भएको छ। त्यसै गरी प्रदेश सरकारबाट सवारी कर बाँडफाँडबाट ४४ लाख ५ हजार प्राप्त हुनु पर्नेमा १२ लाख ४४ हजार प्राप्त भएको छ।
- सङ्घीय सरकारबाट प्राप्त सशर्त अनुदान थप बजेट सहित रु. २३ करोड ६ लाख मध्ये रु ८ करोड ६८ लाख अर्थात ३९.३७ % खर्च भई सकेको छ।
- संघीय सरकार समपुरक अनुदान रु. ८० लाख मध्ये रु १३ लाख ४८ हजार अर्थात १६.८५ % खर्च भइसकेको छ। १ नं. प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान रु. १ करोड अन्तर्गत २ वटा योजनामा रु. २० लाख ३८ हजार अर्थात २०.३८ % खर्च भइसकेको छ।
- यस गाउँपालिकाले चालु आ.ब. मा बिनियोजन गरेको ५० करोड ९१ लाख ७७ हजार मध्ये रु. १५ करोड २३ लाख २५ हजार रुपैयाँ अर्थात ३०.५१ % खर्च भएको छ। जसमध्ये पुंजिगत प्रकृतिको योजना कार्यक्रम अन्तर्गत १७ करोड ६४ लाख ५३ हजार मध्ये ३ करोड २७ लाख अर्थात १७ % खर्च भएको छ। त्यसै गरी चालु तर्फ प्रशासनिक खर्च र चालु प्रकृतिको कार्यक्रम अन्तर्गत ३२ करोड २७ लाख २३ हजार मध्ये १२ करोड २२ लाख ९७ हजार अर्थात ३७.८९ % खर्च भएको छ।
- सामाजिक सुरक्षा तर्फ दुई त्रैमासिकमा गरी ६ करोड ३० लाख रुपैयाँ निकासा भई लाभग्राहीको बैंक खातामा जम्मा भइसकेको छ।

रोशन भट्टराई

सूचना अधिकारी

**६. प्रमुख तथा सूचना अधिकारीको नाम पदः**

- गाउँपालिका अध्यक्षः **मनिकुमार स्याङ्बो**
- गाउँपालिका उपाध्यक्षः **बिष्णु माया खवास**
- प्रमुख प्रशासकीय अधिकृतः **दिपेन्द्र दहाल**
- सूचना अधिकारीः **रोशन भट्टराई**

## ७. ऐन, नियम, विनियम वा निर्देशिकाको सूचीः-

| रोङ गाउँपालिकाको राजपत्रमा प्रकाशित ऐन | |
|---|---|
| क्र.स | कानुनको नाम |
| १ | आर्थिक कार्याविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन २०७४ |
| २ | न्यायिक समितिले उजुरिको कारवहि किनारा गर्दा अपनाउनु पर्ने कार्याविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७४ |
| ३ | प्रशासकिय कार्याविधि २०७४ नियमित गर्न बनेको ऐन |
| ४ | रोङ गाउँपालिकाको आर्थिक ऐन, २०७४ |
| ५ | रोङ गाउँपालिकाको विनियोजन ऐन, २०७४ |
| ६ | रोङ गाउँपालिकाको सहकारी ऐन,२०७४ |
| ७ | रोङ गाउँपालिका आर्थिक ऐन २०७५ |
| ८ | रोङ गाउँपालिका विनियोजन ऐन २०७५ |
| ९ | रोङ गाउँपालिका विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन गर्न बनेको ऐन २०७५ |
| १० | रोङ गाउँपालिकाको कृषि व्यवसाय प्रवर्दन ऐन २०७५ |
| ११ | रोङ गाउँपालिका आर्थिक ऐन २०७६ |
| १२ | रोङ गाउँपालिका विनियाजेन ऐन २०७६ |
| १३ | रोङ गाउँपालिकाको स्थानीय शिक्षा ऐन २०७६ |
| १४ | वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन २०७७ |
| १५ | संस्था दर्ता तथा नियमन समबन्धी ऐन २०७७ |
| १६ | स्थानीय स्वास्थ्य तथा सरसफाइ ऐन २०७७ |
| १७ | सार्वजनिक निजी साझेदारी ऐन २०७७ |
| १८ | रोङ गाउँपालिका आर्थिक ऐन २०७७ |
| १९ | रोङ गाउँपालिका विनियोजन ऐन २०७७ |
| २० | न्यायिक समिति संचालन कार्यविधि सम्बन्धी ऐन २०७८ |
| २१ | रोङ गाउँपालिका आर्थिक ऐन २०७८ |

रोशन भट्टराई
सूचना अधिकारी

| | |
|---|---|
| २२ | रोङ गाउँपालिका विनियोजन ऐन २०७८ |

| रोङ गाउँपालिकाको राजपत्रममा प्रकाशित कार्यविधि | |
|---|---|
| क्र.स | कानुनको नाम |
| १ | गाउँसभा संचालन कार्यविधि, २०७४ |
| २ | रोङ गाउँपालिकाको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी अन्तरिम कार्यविधि २०७४ |
| ३ | रोङ गाउँपालिकाको मर्मत संभार कोष संचालन कार्यविधि, २०७४ |
| ४ | रोङ गाउँपालिकाको विपद् व्यवस्थापन कोष सचालन तथा व्यवस्थापन कार्यविधि,२०७४ |
| ५ | रोङ गाउँ कार्यपालिकाको बैठक संचालन सम्बन्धी कार्यविधि, २०७४ |
| ६ | रोङ गाउँपालिकामा करार मा प्रविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्याविधि २०७४ |
| ७ | रोङ गाउपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्याविधि २०७४ |
| ८ | रोङ गाउँपालिका राजपत्र प्रकाशन सम्बन्धि कार्याविधि २०७४ |
| ९ | एकीकृत सम्पति कर व्यवस्थापन कार्याविधी २०७४ |
| १० | घ्रू बर्गको निर्माण व्यवसाही इजाजत पत्र सम्बन्धी कार्याविधी २०७५ |
| ११ | पाथिभरा क्षेत्र विकास कोष परिचालन तथा व्यवस्थापन कार्याविधि २०७५ |
| १२ | ब्यवस्थित वसोवास सम्बन्धि कार्याविधि २०७५ |
| १३ | आपाङ्गता भएका ब्यक्तिहरुको परिचय पत्र वितरण कार्याविधि २०७५ |
| १४ | महिला समुह/समिति संचालन कार्याविधि २०७५ |
| १५ | रोङ गाउँपालिकाको पर्यटन प्रवर्द्धन सम्बन्धि कार्याविधि २०७५ |
| १६ | रोङ गाउँपालिकाको महानन्द स्मृति छात्रवृत्ति कोष संचालन कार्याविधि २०७५ |
| १७ | मेलमिलाप कार्य संचालन कार्यविधि २०७४ |
| १८ | सहकारी संस्थालाई ऋण पूँजी लगानी कार्यविधि २०७५ |
| १९ | अध्यक्ष माहुरी लघुउद्यम कार्यक्रम संचालन कार्यविधि २०७५ |
| २० | जलश्रोत कार्यविधि २०७६ |
| २१ | पशुपक्षी पालन सम्बन्धि कार्याविधी २०७६ |
| २२ | स्थानिय जातका लोकल कुखुरा श्रोत केन्द्र स्थापना एंवम संचालन सम्बन्धि कार्याविधि २०७६ |
| २३ | पशु गोठ तथा खोर सुधार कार्यक्रम संचालन सम्बन्धि कार्याविधि २०७६ |
| २४ | भकारो सुधार कार्यक्रम संचालन कार्याविधि २०७६ |
| २५ | यान्त्रिक उपकरण संचालन कार्याविधि २०७६ |
| २६ | रोङ गाउँपालिकाको नक्सा पास सम्बन्धी कार्यविधि,२०७७ |

रोशन भट्टराई
सूचना अधिकारी

| | |
|---|---|
| २७ | सहकारी संघ/संथा एकीकरण सम्बन्धी कार्यविधि, २०७७ |
| २८ | खानेपानी तथा साना सिँचाई दर्ता नविकरण र सुचिकृत गर्ने सम्बन्धी कार्यविधि २०७७ |
| २९ | रोङ निर्मण अभियान्ता कार्यविधि २०७७ |
| ३० | संक्षिप्त वातावरणिय अध्ययन तथा प्रारम्भिक वातावरणिय कार्यविधि २०७७ |
| ३१ | नर्सरी स्थापना सम्बन्धी कार्यविधि २०७७ |
| ३२ | कृषि सामाग्री अनुदानमा वितरण कार्यक्रम संचालन कार्यविधि २०७७ |
| ३३ | टोल विकास संस्था कार्यविधि २०७७ |
| ३४ | जलस्रोत संरक्षण तथा उपयोग कार्यविधि २०७७ |
| ३५ | रोङ गाउँपालिकाको लैङ्गिक हिंसा निवारण कोष संचालन कार्यविधि २०७७ |
| ३६ | वाल अधिकार संरक्षण तथा सम्बर्द्धन सम्बन्धि कार्यविधि २०७७ |
| ३७ | रोङ गाउँपालिका व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि २०७७ |
| ३८ | गाउँपालिका स्तरिय दलित समन्वय समिति सञ्चालन सम्बन्धि कार्यविधि २०७७ |
| ३९ | रोङ गाउँपालिकाको मनसुनजन्य विपद् प्रभावित निजी आवास पुननिर्माण तथा पुनर्स्थापन कार्यविधि २०७७ |
| ४० | स्थानीय तहको राजश्व परापर्श समितिको कार्यसंचालन सम्बन्धी कार्यविधि २०७७ |
| ४१ | बजेट तथा कार्यक्रम तर्जुमा समिति कार्यसंचालन कार्यविधि २०७७ |
| ४२ | न्यायिक समिति संचालन कार्यविधि २०७७ |
| ४३ | महिला स्वास्थ्य स्वयंसेविका आय आर्जन कार्यक्रम कार्यविधि, २०७७ |
| ४४ | विद्यालय तथा वाल बिकास केन्द्र प्रोत्साहन अनुदान कोष सञ्चालन कार्यविधि, २०७७ |
| ४५ | कोभिड अस्थायी अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति गठन कार्यविधि, २०७८ |
| ४६ | विपद् व्यवस्थापन कोष संचालन कार्यविधि २०७६ |
| ४७ | कोरोना प्रभावित लाई राहात वितरण कार्यविधि २०७६ |
| ४८ | गरिब तथा जेहेनदार कोष संचालन कार्यविधि २०७७ |

| रोङ गाउँपालिकाको राजपत्रममा प्रकाशित निर्देशिका | |
|---|---|
| क्र.स | कानुनको नाम |
| १ | ज्येष्ठ नागरिक परिचयपत्र वितरण निर्देशिका २०७५ |
| २ | कृषक समुह गठन तथा व्यवस्थापन सम्बन्धि निर्देशिका २०७५ |
| ३ | सामुदायीक संस्थालाई ऋण पूँजी लगानि कार्यविधि निर्देशिका २०७५ |
| ४ | रोङ गाउँपालिकाको पशुपक्षी तथा मत्स्यपालन समुह गठन तथा व्यवस्थापन निर्देशिका २०७६ |
| ५ | सहकारी संस्थालाई अनुदान प्रदान गर्ने कार्यविधि निर्देशिका, २०७७ |

रोशन भट्टराई
सूचना अधिकारी

| | |
|---|---|
| ६ | अपाङ्गता भएका व्यक्तिको क्षेत्रमा कार्यरत समूह तथा संस्थालाई बीउँपूँजी /अनुदान उपलब्ध गराइने सम्बन्धीको निर्देशिका, २०७७ |
| ७ | भाषा, संस्कृति र कला साहित्यतको संरक्षण र विकास सम्बन्धी निर्देशिका २०७७ |
| ८ | सरसफाइ तथा फोहोरमैला व्यवस्थापन निर्देशिका २०७७ |
| ९ | मातृभाषा संरक्षण र विकास सम्बन्धी निर्देशिका २०७७ |
| १० | राष्ट्रिय कला संगित र संस्कृति प्रतिष्ठान संचालन निर्देशिका २०७६ |

| रोङ गाउँपालिकाको राजपत्रमा प्रकाशित नियामावली | |
|---|---|
| क्र.स | कानुनको नाम |
| १ | गाउँ गाउँकार्यपालिका (कार्यविभाजन) नियमावली २०७४ |
| २ | रोङ गाउँपालिका गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ |
| ३ | शिक्षा नियमावली २०७५ |
| ४ | रोङ गाउँपालिकाको निर्णय वा आदेश र अधिकारपत्र प्रमाणीकरण (कार्यविधि) नियमावली, २०७४ |
| ५ | स्थानिय बिकाष कोष (स्थापना र संचालन) नियमावली २०७५ |

रोशन भट्टराई

सूचना अधिकारी

# ८. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरणः-

रोङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, इलाम

कार्यालयको कोड : ८०१०३५०५३००

Source wise Budget vs Expenditure

आ.व. : २०७९/८० अवधी : २०७९/०४/०१-२०७९/०९/३० रु. हजारमा

| सि.नं. | स्रोत समूह | बजेटको स्रोत/तह | स्रोत | विधि | आय अनुमान | सञ्चित कोष | | | बजेट | | | | निकासा | | | | खर्च | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आम्दानी | ट्रान्सफर | मौज्दात | चालु | पूँजीगत | वित्तीय | जम्मा | चालु | पूँजीगत | वित्तीय | जम्मा | चालु | पूँजीगत | वित्तीय | जम्मा |
| १ | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ९,८४,०० | ४,९२,०० | १,७६,०० | ३,१६,०० | ० | ९,८४,०० | ० | ९,८४,०० | ० | १,७६,०० | ० | १,७६,०० | ० | १,७४,६९ | ० | १,७४,६९ |
| २ | संघीय सरकार | नेपाल सरकार | शसर्त अनुदान चालु | नगद अनुदान | १५,०८,०० | ७,५४,०० | ७,५४,०० | ० | १४,९०,०० | १८,०० | ० | १५,०८,०० | ७,५४,०० | ० | ० | ७,५४,०० | ७,४९,३२ | ० | ० | ७,४९,३२ |
| ३ | संघीय सरकार => अन्तरिक | नेपाल सरकार => आन्तरिक ऋण | शसर्त अनुदान चालु | नगद ऋण | २,१३,०० | ० | ० | ० | २,१३,०० | ० | ० | २,१३,०० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | संघीय सरकार => बैदेशिक श्रोत | नेपाल सरकार => आई डि ए | शसर्त अनुदान चालु | सोधभर्ना हुने ऋण (बैदेशिक) | ४८,०० | २३,५१ | २३,५१ | ० | ४८,०० | ० | ० | ४८,०० | २३,५१ | ० | ० | २३,५१ | ११,७३ | ० | ० | ११,७३ |
| ५ | संघीय सरकार => बैदेशिक श्रोत | नेपाल सरकार => एस.इ.एस.पी. | शसर्त अनुदान चालु | सोधभर्ना अनुदान (बैदेशिक) | ३८,०० | १८,९९ | १८,९९ | ० | ३८,०० | ० | ० | ३८,०० | १८,९९ | ० | ० | १८,९९ | ११,४० | ० | ० | ११,४० |
| ६ | संघीय सरकार => बैदेशिक श्रोत | नेपाल सरकार => एस.इ.एस.पी. | शसर्त अनुदान चालु | सोधभर्ना हुने ऋण (बैदेशिक) | ७७,०० | ३८,४१ | ३८,४१ | ० | ७७,०० | ० | ० | ७७,०० | ३८,४१ | ० | ० | ३८,४१ | २३,११ | ० | ० | २३,११ |
| ७ | संघीय सरकार | नेपाल सरकार | शसर्त अनुदान पुँजीगत | नगद अनुदान | १,२८,०० | ६५,०० | ६५,०० | ० | ० | १,२८,०० | ० | १,२८,०० | ० | ६५,०० | ० | ६५,०० | ० | ११,४९ | ० | ११,४९ |
| ८ | संघीय सरकार => अन्तरिक | नेपाल सरकार => आन्तरिक ऋण | शसर्त अनुदान पुँजीगत | नगद ऋण | ८०,०० | ८९,०० | ३९,०० | ५०,०० | ० | ८०,०० | ० | ८०,०० | ० | ३९,०० | ० | ३९,०० | ० | ३९,३० | ० | ३९,३० |

रोशन भट्टराई

सूचना अधिकारी

| | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | संघीय सरकार => बैदेशिक श्रोत | नेपाल सरकार => आई डि ए | शसर्त अनुदान पुँजीगत | सोधभर्ना हुने ऋण (बैदेशिक) | ३,०० | १,५० | ७५ | ७५ | ० | ३,०० | ० | ३,०० | ० | ७५ | ० | ७५ | ० | ० | ० | ० |
| १० | संघीय सरकार => बैदेशिक श्रोत | नेपाल सरकार => एस.इ.एस.पी. | शसर्त अनुदान पुँजीगत | सोधभर्ना अनुदान (बैदेशिक) | १२,०० | ६,०० | ३,०० | ३,०० | ० | १२,०० | ० | १२,०० | ० | ३,०० | ० | ३,०० | ० | ० | ० | ० |
| ११ | संघीय सरकार => बैदेशिक श्रोत | नेपाल सरकार => एस.इ.एस.पी. | शसर्त अनुदान पुँजीगत | सोधभर्ना हुने ऋण (बैदेशिक) | २४,०० | १२,०० | ६,०० | ६,०० | ० | २४,०० | ० | २४,०० | ० | ६,०० | ० | ६,०० | ० | ० | ० | ० |
| १२ | संघीय सरकार => बैदेशिक श्रोत | नेपाल सरकार => स्वीट्जरल्याण्ड - एस डी सी | शसर्त अनुदान पुँजीगत | नगद अनुदान (बैदेशिक) | ७५,०० | ३४,४४ | ३४,४४ | ० | ० | ७५,०० | ० | ७५,०० | ० | ३४,४४ | ० | ३४,४४ | ० | ० | ० | ० |
| १३ | संघीय सरकार | नेपाल सरकार | विषेश अनुदान पुँजीगत | नगद अनुदान | ८०,०० | ४०,०० | २०,०० | २०,०० | ० | ८०,०० | ० | ८०,०० | ० | २०,०० | ० | २०,०० | ० | ० | ० | ० |
| १४ | संघीय सरकार => अन्तरिक | नेपाल सरकार => आन्तरिक ऋण | समपुरक अनुदान पुँजीगत | नगद ऋण | ८०,०० | ४०,०० | २०,०० | २०,०० | ० | ८०,०० | ० | ८०,०० | ० | २०,०० | ० | २०,०० | ० | १३,४८ | ० | १३,४८ |
| १५ | प्रदेश सरकार | प्रदेश नंबर १ | समानिकरण अनुदान | नगद अनुदान | ५२,९५ | २६,४७ | १३,२३ | १३,२३ | २१,७० | ३१,२५ | ० | ५२,९५ | ९,०० | ४,२३ | ० | १३,२३ | ८,०७ | ३८ | ० | ८,४५ |
| १६ | प्रदेश सरकार | प्रदेश नंबर १ | शसर्त अनुदान चालु | नगद अनुदान | १,१८,८९ | ५९,०१ | ५९,०१ | ० | १,१८,८९ | ० | ० | १,१८,८९ | ५९,०१ | ० | ० | ५९,०१ | ११,४४ | ० | ० | ११,४४ |
| १७ | प्रदेश सरकार | प्रदेश नंबर १ | शसर्त अनुदान पुँजीगत | नगद अनुदान | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १८ | प्रदेश सरकार | प्रदेश नंबर १ | समपुरक अनुदान पुँजीगत | नगद अनुदान | १,००,०० | ५०,०० | ५०,०० | ० | ० | १,००,०० | ० | १,००,०० | ० | ५०,०० | ० | ५०,०० | ० | २०,३८ | ० | २०,३८ |
| १९ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | ४४,०५ | १४,६२ | ११,२४ | ३,३८ | ४३,३५ | ७० | ० | ४४,०५ | ११,२४ | ० | ० | ११,२४ | ६,८६ | ० | ० | ६,८६ |
| २० | राजस्व बाडफाड | राजस्व बाँडफाँड — स्थानीय | राजस्व बाँडफाँड | नगद | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २१ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ७,९५,८८ | २,४९,०० | २,२९,०० | २०,०० | ७,०३,९५ | ९१,९२ | ० | ७,९५,८८ | २,२९,०० | ० | ० | २,२९,०० | २,२८,६० | ० | ० | २,२८,६० |
| २२ | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ५,३०,०० | ४,२९,२६ | २,०२,२५ | २,२७,०१ | ४,७३,३४ | ५६,६६ | ० | ५,३०,०० | १,८६,०५ | ५३,२५ | ० | २,३९,३० | १,४९,९२ | ४,५८ | ० | १,५४,५० |
| जम्मा | | | | | ४९,९१,७७ | २४,४३,२३ | १७,६३,८४ | ६,७९,३८ | ३२,२७,२३ | १७,६४,५३ | ० | ४९,९१,७७ | १३,२९,२२ | ४,७१,६७ | ० | १८,००,८९ | १२,००,४८ | २,६४,३२ | ० | १४,६४,८१ |

रोशन भट्टराई
सूचना अधिकारी

**९. सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र प्रगति प्रतिवेदन**

- छुट्टै कार्यक्रम नभएको अन्य प्रगति बुँदा नं.६ मा उल्लेख भएको.

**१०. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण**

- नभएको

**११. तोकिए बमोजिम अन्य विवरण**

- **नभएको**

**१२. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विवरण**

- यो त्रैमासिकमा २ वटा सूचना माग भएको र सूचना सम्बन्धी कागजात तयार हुदै गरेको ।

**१३. सार्वजनिक निकायको वेभसाईट भए सो को विवरण**

- वेभसाइटः rongmun.gov.np इमेलः rongruralmun@gmail.com, rongmun.gov.np

**१४. सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समायावधी**

- त्यस्तो सूचना नभएको ।

**१५. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण ः**

- त्यस्तो सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता नभएको ।

रोशन भट्टराई
सूचना अधिकारी